**Shanti Journal**
ISSN 2961-1601 (Print) ISSN 2961-161X (Online)
Published by Bishwa Shanti Chiran-Milan Campus
*(A Multidisciplinary Peer Reviewed Journal)*

# गहुँगोरो अफ्रिका कवितामा दलित चेतना

- लावण्यप्रसाद ढुङ्गाना, विद्यावारिधि अध्ययनरत, त्रि.वि.

**Article History: Received:** 11 May 2022; **Revised:** 26 May 2022; **Accepted:** 28 May 2022

## लेखसार

*प्रस्तुत शोधलेख आहुतिद्वारा रचना गरिएको 'गहुँगोरो अफ्रिका' कवितामा चित्रित दलित चेतनाको अध्ययनसँग सम्बन्धित छ । यस लेखमा सदियौँदेखि उत्पीडनमा पारिएका दलितहरूको प्रतिनिधित्व गहुँगोरो अफ्रिका कवितामा केकसरी गरिएको छ र दलितहरूले आफूमाथि भएको दलनविरूद्ध केकस्तो प्रतिरोध गरेका छन् भन्ने जिज्ञासाको समाधान खोज्ने प्रयास गरिएको छ । यस अध्ययनका लागि आवश्यक प्राथमिक तथा द्वितीयक स्रोतका सामग्रीहरू पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएका छन् । साथै ओमप्रकाश वाल्मीकि,चमनलाल तथा शरणकुमार लिंबालेका दलित सौन्दर्यशास्त्रीय अवधारणालाई आधार बनाई निष्कर्षसम्म पुग्नका लागि विश्लेषण तथा तर्क विधिको उपयोग गरिएको छ ।अध्ययनका क्रममा कवितामा नेपालका सम्पूर्ण भूगोलका र विभिन्न दलित समुदायका कामी, दमाई, च्यामे, गाइने, बादी, मुसहर र सार्कीको प्रतिनिधित्व गरिएको र यिनीहरूलाई बिसौँ शताब्दीका जातीय अस्तित्व चेतयुक्त पात्रका रूपमा उपस्थित गराएर यी पात्रबाट दलनविरूद्ध जुझारू प्रतिरोध गरिएकाले 'गहुँगोरो अफ्रिका' दलित चेतनाका दृष्टिले सशक्त कविता बन्न पुगेको निष्कर्ष निकालिएको छ ।*

**शब्दकुञ्जी :** *दलित चेतना, धर्मशास्त्र, वर्णाश्रम, शक्तिसम्बन्ध, शूद्र*

## विषय परिचय

प्रस्तुत शोधलेख गहुँगोरो अफ्रिका कवितामा दलित चेतना भन्ने विषयमा आधारित छ। यस मुख्य विषयभित्र 'गहुँगोरो अफ्रिका कविता' र 'दलित चेतना' गरी दुई पदावली समाविष्ट छन्। विषयपरिचयका क्रममा यी दुवैलाई प्रस्ट्याउनु आवश्यक हुन्छ । मुख्य विषयमा समाविष्ट 'गहुँगोरो अफ्रिका' कवि आहुतिको कविता हो । यो आहुतिकै गहुँगोरो अफ्रिका(२०७१) कवितासङ्ग्रहमा सङ्कलित छ। यसैगरी ' दलित चेतना' पदावलीले युगौँयुगदेखि बाध्यवश असह्य उत्पीडन भोगिरहेका दलित समुदायमा जागृत अस्तित्व चेतलाई जनाउँछ। यहाँ दलित भन्नाले सदियौँदेखि हेपिएका, दलनमा पारिएका र अछुतको दर्जा दिई किनारीकृत तुल्याइएका मानवसमुदायलाई बुझ्ने गरिएको छ। तिनै दलित समुदायका मानिसहरूमा जागृत उत्पीडनविरूद्धको चेतना नै दलित चेतना हो ।

'गहुँगोरो अफ्रिका' कवि आहुतिको दलित चेतनाका दृष्टिले सशक्त कविता हो । यस कवितामा कविले समाजका महत्वपूर्ण अङ्ग भएर पनि महत्वहीन जीवन बाँच्न विवश दलितहरूका दलनविरोधी आवाजलाई जोडदार रूपमा प्रस्तुत गरेका छन् । त्यसैले उक्त कविता दलित चेतनाका दृष्टिले अध्ययनीय रहेको छ तापनि यस कोणबाट केही आलोचना भएबाहेक र अन्य सन्दर्भको अध्ययनका क्रममा दलितविषयक टीकाटिप्पणी भएबाहेक यस कविताको दलित चेतनामा आधारित शोधपरक अध्ययन भएको पाइएको छैन । त्यसैले यस शोधलेखमा 'गहुँगोरो अफ्रिका' कवितामा दलित चेतनालाई केकस्तो रूपमा व्यक्त गरिएको छ भन्ने प्राज्ञिक जिज्ञासाको समाधान खोज्ने प्रयास गरिएको छ ।

## अध्ययनविधि

प्रस्तुत शोधलेखमा कवि आहुतिको 'गहुँगोरो अफ्रिका' कविताको दलित चेतनाका कोणबाट अध्ययन गरिएको छ । यस अध्ययनका लागि आवश्यक प्राथमिक स्रोतको कृति पुस्तकालयीय कार्यबाट सङ्कलन गरिएको छ । यसैगरी सैद्धान्तिक पूर्वाधार तथा कृतिविश्लेषणका लागि आवश्यक द्वितीयक स्रोतका सामग्रीहरू पनि पुस्तकालयीय कार्यबाट नै सङ्कलन गरिएका छन् । प्रस्तुत अध्ययन दलित सौन्दर्यशास्त्रीय सैद्धान्तिक पर्याधारसम्बद्ध रहेकाले आगमनात्मक ढाँचाको रहेको छ । यस अध्ययनका लागि आवश्यक सैद्धान्तिक पर्याधार शरणकुमार लिंबाले, ओमप्रकाश वाल्मीकि, चमनलाल आदि दलित सौन्दर्यशास्त्रीहरूका विचारहरूलाई संश्लेषण गरी तयार पारिएको छ। यसका साथै सांस्कृतिक अध्ययनका प्रतिनिधित्व र प्रतिरोधविषयक युक्तिहरूलाई पनि उपयोग गरिएको छ। यसैगरी अध्ययनको निष्कर्षसम्म पुग्नका लागि विश्लेषण विधि र तर्क विधिको पनि प्रयोग गरिएको छ।

## सैद्धान्तिक पर्याधार

'दलित' शब्दले 'दलनमा पारिएको, दबाइएको, शोषित, उत्पीडित एवम् घृणा गरिएको भन्ने अर्थ बोकेको छ । यो हिन्दुधार्मिक समाजमा अछुत कहलिएका समुदायविशेषलाई बुझाउन प्रयोगमा ल्याइएको शब्द हो । हिन्दु समाजव्यवस्थाको प्राचीन कालमा यस समुदायलाई 'शूद्र' नामले सम्बोधन गर्ने गरेको पाइएको छ । हिन्दुधार्मिक सर्वप्राचीन ग्रन्थ वेदका चार शाखामध्येको एक शुक्लयजुर्वेदमा शूद्रशब्दको उल्लेख भएको पाइएको छ । उक्त ग्रन्थमा सम्पूर्ण मानवलाई प्रमुख चार समूहमा वर्गीकरण गरिएको छ ।यसका साथै मानवको सृष्टिबारे व्याख्या गर्ने क्रममा शूद्र जातिको सृष्टि ब्रह्माका पाउबाट भएको बताइएको छ (शुक्लयजुर्वेद, ३१/११) । उक्त प्रसङ्गमा मानवजातिको सृष्टि गर्ने क्रममा ब्रह्माले आफ्ना मुखबाट बाह्मणको, काँधबाट क्षत्रियको उरू अर्थात तिघ्राबाट वैश्यको र पाउबाट शूद्रको सृष्टि भएको भनिएबाट र तिनै शूद्र नै हालका दलित भएबाट वैदिक कालदेखि नै दलितहरू उपेक्षित रहेको पाइएको छ । यस तथ्यलाई नियाल्दा दलितमाथिको दलनको इतिहास निकै पुरानो रहेको देखिएको छ । अझ मनुले यस समुदायलाई आर्थिक अधिकारबाट समेत वञ्चित तुल्याई शूद्रले उक्त जातिभन्दा माथिका मानिसको सेवा गर्ने सरसफाइ गर्ने, मृत पशुका छाला काढी जुत्ता बनाउने, घाटमा मुर्दा जलाउने आदि काम तोकेकाले यस्ता हेय कामकै कारण यो समुदाय अस्पृश्य कहलियो (चमनलाल, सन् २००९, पृ. ९०)। यसरी मनुले श्रमविभाजनको थिति बाँध्ने क्रममा दलित समुदायप्रति कठोर नीति अवलम्बन गरेको पाइएको छ। अझ तोकिएकोबाहेक अन्य काम गर्न नपाइने र पेसा परिवर्तन गरे दण्डको भागीदार हुनुपर्ने मनुको व्यवस्था दलितहरूप्रति उत्पीडनकारी देखिएको छ।

दलित समुदायका मानिसहरूको युगौँयुगदेखिको दलनविरोधी चेतना नै दलित चेतना हो । दलित शौन्दर्यशास्त्रीओमप्रकाश वाल्मीकिले अधिकारबाट वञ्चित र सामाजिक दृष्टिबाट तिरष्कृत दलितहरूको चेतनालाई दलित चेतना मानेका छन् (वाल्मीकि, सन् २००९, पृ.२९) । तिनै दलितहरूका सदियौँदेखि दबिएर बसेको दलनविरोधी चेतना विस्तारै साहित्यमार्फत प्रकट हुन थाल्यो । यसरी दलित चेतनालाई प्रस्तुत गर्ने साहित्यकारहरू दलित समुदायका र दलितभिन्न गरी दुई किसिमका देखिए । यसपछि कुन साहित्यकारका रचनालाई दलित साहित्य मान्ने भनी बहस सुरू भयो । दलित इतर लेखकका रचनामा दलित उत्पीडनको अनुमानात्मक वर्णन पाइने र जन्मजात दलित समुदायको साहित्यकारका रचनामा दलित उत्पीडनको अभिव्यक्ति वास्तविक हुने हुनाले दलित स्रष्टाका रचनालाई दलित साहित्य मान्नुपर्ने मत व्यक्त भएका छन् । यी दुबै थरी मतलाई केलाउँदै दलित सौन्दर्यशास्त्री शरणकुमार लिंबालेले दलितले लेखेको साहित्यमा दलितका भोगाइहरू यथार्थ रूपमा प्रकट हुने हुँदा दलितद्वारा सिर्जित साहित्यलाई दलित साहित्य मान्नुपर्ने कुरामा जोड दिएका छन् (लिंबाले, २००५, पृ.१०७) । लिंबालेको ठहर मनासिब छ तापनि यावत साहित्यमा साहित्यकारले अनुमानमै आधारित भई लेख्ने हुनाले दलित इतर लेखकका दलित उत्पीडनमा आधारित साहित्यलाई पनि दलित साहित्य मान्नुपर्ने विचार स्वीकारयोग्य ठानिएको छ ।

साहित्य विचारको संवाहक हो । साहित्यमा अभिव्यक्त विचारले मानवीय चेतनालाई जागृत गराउँछ । यस परिप्रेक्ष्यमा दलित साहित्य दलित उत्पीडनविरोधी आन्दोलनकै एउटा अङ्गका रूपमा देखापरेको छ । खासगरी दलित आन्दोलनलाई वर्गीय कि वर्णीय स्वरूपमा अर्थ्याउने भन्ने छलफल चलेका छन् । एकथरीको विचार वर्गीय आन्दोलनबाटै दलित उत्पीडनको समाधान सम्भव छ भन्ने रहेको छ भने दोस्रोथरी अघिल्लो विचारसँग असहमत छ । दोस्रो थरीले दलित समस्यालाई विशिष्ट स्वरूपको भनी अर्थ्याएको छ । यी दुईथरी विचारलाई केलाउँदै लिंबालेले दुनियाँमा जारी अनेक विषमताविरूद्धका सङ्घर्ष फरक फरक भए पनि ती सबै सङ्घर्षको लक्ष्य मानवमुक्ति भएको निष्कर्ष निकालेका छन् (लिंबाले, सन् २००५, पृ.८२) । लिंबालेले दलित समस्याको समाधान उत्पीडनबाट मुक्ति हुनुपर्नेमा जोड दिएका छन् । यसका लागि वर्गीय र वर्णीय जुनसुकै दृष्टिकोण उपयोगी हुन सक्ने लिंबालेको ठहर रहेको छ ।

नेपालमा छुवाछुतको चलन लिच्छवी कालबाट सुरू भएको हो । हिन्दु वर्णाश्रम धर्मका अनुयायी लिच्छवीहरूले किरातहरूलाई परास्त गरी आफ्नो शासन सुरू गरे । लिच्छवीहरूले उही हिन्दु वर्णव्यवस्थामा आधारित शासन गरेकाले नेपालमा लिच्छवी कालदेखि नै दलित समस्याले प्रवेश पाएको देखिएको छ । छुवाछुतजन्य विभेदलाई सबल तुल्याउन तत्कालीन शासकहरूले दलितसमुदायभित्रै पनि एकअर्कामा छुवाछुतको व्यवस्था गरेका थिए ।यसपछि नेपालमा शासक र शासन व्यवस्थामा धेरै परिवर्तन भए तर छुवाछुत भने यथावत रहिरह्यो । विस्तारै दलित उत्पीडनविरूद्ध मानिसहरू जागरूक हुन थाले । यसक्रममा भगत सर्वजित विश्वकर्माका अग्रसरतामा जागरण अभियान थालियो(महर्जन र किसान, २०७०, पृ.१९) यसबाट दलितहरूमा दलनविरोधी चेतना जागृत भयो र विस्तार पनि हुँदै गयो । फलस्वरूप नेपाली साहित्यमा दलनविरोधी आवाजले स्थान लिन थाल्यो । यो प्रभावलाई नेपाली कविताले पनि ग्रहण गऱ्यो र समकालीन नेपाली कविहरूले अझ जोडदार रूपमा दलनविरूद्ध कलम चलाएको पाइएको छ ।

## दलित चेतनाका परिप्रेक्ष्यमा गहुँगोरो अफ्रिका कविता

समाजले युगानुकूल परिवर्तन चाहन्छ। यस्तो परिवर्तनका लागि प्रभावकारी विचारको आवश्यकता रहेको हुन्छ। साहित्य आफैँमा विचारवान् हुने भएकाले र यसले विचारलाई अझ कलात्मक ढङ्गले प्रस्तुत गर्ने भएकाले यो समाज परिवर्तनको एउटा महत्त्वपूर्ण अस्त्र बनेको हुन्छ ।

नेपाली समाज अनेक विकृतिले ग्रसित छ । ती विकृतिहरूका शृङ्खलामा छुवाछुतजन्य जातीय उत्पीडन पनि विशेष चर्चायोग्य छ । यस विकृतिबाट समाजलाई मुक्तराख्न विभिन्न प्रयासहरू भएका छन् । तीसँगै साहित्यकारहरूले पनि आफ्ना कलमका माध्यमबाट सशक्त कदम अघि बढाएका छन् । यस सन्दर्भमा कवि आहुतिको 'गहुँगोरो अफ्रिका' कविताले जातीय उत्पीडनविरूद्ध प्रखर आवाज प्रस्तुत गरेको छ । यसलाई ताराकान्त पाण्डेयले दलित चेतनाका प्रगतिवादी कवितामध्येको मानक कविता मानेका छन् (२०७०, पृ.४८) । दलित चेतनालाई कलात्मकताका साथ प्रस्तुत गर्न सफल आहुतिको यो एक शक्तिशाली कविता हो ।

## गहुँगोरो अफ्रिका कवितामा दलित प्रतिनिधित्व

सामान्यतया प्रतिनिधित्वले कुनै व्यक्ति, वस्तु वा घटनाको उपस्थितिलाई जनाउँछ । विशेषतः यसले शक्तिसम्बन्धको अध्ययनका क्रममा उपयोग गरिने एक अवधारणालाई बुझाउँछ । प्रतिनिधित्वको अध्ययनका क्रममा प्रभुत्वशाली शक्तिले स्थापित गरेको विचारधारा र शक्तिविरोधी विचारधारालाई पाठमा केकसरी प्रस्तुत गरिएको छ भन्ने कुराको खोजी गरिन्छ । प्रतिनिधित्वको खोजीका क्रममा विश्लेष्य पाठमा मूल धारको संस्कृतिबाट उपेक्षित जाति, वर्ग र लिङ्गको उपस्थितिलाई विशेष महत्त्वका साथ हेरिन्छ (भट्टराई, २०६८, पृ. ४९) । प्रस्तुत शोध लेखमा युगौँयुगदेखि प्रभुत्वशाली वर्गबाट उपेक्षित, शोषित र प्रताडित दलित जातिको प्रतिनिधित्वलाई विषय बनाइएको छ ।

आहुति जातीय उत्पीडनले पिल्सिएका उत्पीडितहरूका पक्षमा मुक्तिको आवाज प्रस्तुत गर्ने प्रगतिवादी कवि हुन् । उनको गहुँगोरो अफ्रिका कविता दलित प्रतिनिधित्वका दृष्टिले महत्त्वपूर्ण रहेको छ । उक्त कवितामा समाजका प्रभुत्त्वशाली वर्गको दलक र शक्तिहीन सीमान्त वर्गको दलितका रूपमा प्रतिनिधित्व गरिएको छ । प्रभुत्वशाली दलक वर्गले समाजव्यवस्थाको आदिकालमा श्रमको बाँडफाँडका उद्देश्यले समाजका मानिसहरूलाई बाह्मण, क्षत्री, वैश्य र शूद्र वर्गमा विभाजन गरेका थिए । शूद्र भनिएका मानिसलाई कठिन श्रम र सिपको काम तोकिएको थियो । विस्तारै प्रभुत्वशाली वर्गले आफूअनुकूलको भाष्य निर्माण गरी शूद्रहरूलाई अछुत घोषित गरे । यसपछि वर्णभेदले समाजमा जरा गाड्न सुरू गर्‍यो । विश्वले परिवर्तनका अनगिन्ती फेरा मारिसक्दा पनि यो वर्णभेदी चेत टसमस नगरी रहिरह्यो । समयक्रममा तिनै शूद्रहरू नेपालका सन्दर्भमा कामी, दमाई, सार्की, गाइने, च्यामे मुसहर आदि जातिका मानिसहरू दलित कहलिए । यिनै दलित समुदायका मानिसको प्रतिनिधित्व गहुँगोरो अफ्रिका कवितामा रहेको छ ।

कविताको आरम्भमा समाजका मानिसलाई दलक र दलितका रूपमा उपस्थित गराइएको छ । दलकहरूले दलितहरूको श्रमको उत्पादन ग्रहण गर्ने तर उत्पादक दलित भने जहिल्यै उपेक्षित, तिरष्कृत र अस्पृश्य कहलिएको यथार्थलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

मेरो रातो रगत

मानिसको पवित्र रातो रगत
नीलो पसिनाको बुँद बनेर जब झर्दछ
तिमी आफ्ना नरम अँजुलीहरूमा आली लगाएर थाप्तछौ
जब म त्यो श्रमको सुवासयुक्त पसिना सुँघ्न खोज्छु
तिमी मेरो अपमान गर्छौ र मलाई टाढा राख्छौ
आँखा जुधाउने आँट गर पूजारी
म बीसौँ शताब्दीको 'अछुत' हुँ !

(आहुति, २०७१, पृ. ३)

प्रस्तुत साक्ष्यमा सम्बोधक र सम्बोधितका रूपमा दलक र दलित आएका छन् । यहाँ दलक ' तिमी' र दलित 'म' सर्वनामका माध्यमबाट प्रतिनित्व गरिएका छन् ।यिनै दुईलाई पुजारी र अछुत भनेर पनि चित्रण गरिएको छ । कवितांशमा अछुत भनिएका दलितको छुत मानिएका मानिसहरूको रगत रातै भए पनि व्यवहारमा असमानता भोग्नुपरेको तितो वास्तविकतालाई दलितका तर्फबाट प्रस्तुत गरिएको छ । दलितहरूले आफ्नो श्रमसिपका माध्यमबाट उत्पादन गरेको उत्पादन कथित छुतलाई चल्ने तर उक्त उत्पादन आफ्ना हातबाट हस्तान्तरण भइसकेपछि भने दलितले छुन नमिल्ने भाष्यप्रति माथिको कवितांशमा आक्रोश प्रकट गरिएको छ । यससँगै समयले कोल्टे फेरिसकेको अवस्थामा त्यो पुरानो भाष्यलाई स्वीकार नगर्ने सङ्केत पनि गरिएको छ । आफ्नो अस्तित्वबोध गरिसकेका आजका दलितहरू आदिम कालीन नभएर ज्ञान र चेतनाले युग भरेको बिसौँ शताब्दीका मानिस भएकाले अब त्यस्ता कुनै पनि अपमान नसहने विचार पनि प्रकट गरिएको छ । यस साक्ष्यमा दलितको सशक्त प्रतिनिधित्व रहेको छ । यतिबेलाका दलितमा आफ्ना विपरीत शक्तिसँग आँखामा आँखा जुधाएर आफूमाथिको अन्यायविरूद्ध कुरा गर्ने साहसले युक्त देखाएर दलितको प्रतिनिधित्वलाई सशक्त तुल्याइएको छ ।

गहुँगोरो अफ्रिका कवितामा समाज सञ्चालनमा दलितहरूको अपरिहार्य भूमिका रहे पनि उनीहरूले दलित इतर समुदायबाट भोग्नुपरेको कल्पनातीत अक्षम्य व्यवहारलाई कलात्मकताका साथ प्रस्तुत गरिएको छ । यस सन्दर्भमा कवितामा नेपाली समाजका विभिन्न सिपका सिल्पीहरूको प्रतिनिधित्व गरिएको छ र उनीहरूले समाजसामु मूल्यवान् श्रमसिपको योगदान गर्दागर्दै पनि चर्को शोषण र दलन सहनुपरेको वास्तविकतालाई प्रस्तुत गरिएको छ । कवि दलित समुदायका कामी पात्रलाई कवितामा उपस्थित गराउँदै भन्छन् :

तिम्रो मन्दिरको मूर्तिमा मेरो आरनको गन्ध आउँछ
ओदानीमाथिको कराहीमा मेरो पसिनाको गन्ध आउँछ
आँखा जुधाउन आँट गर धर्माती मान्छे
कि मेरो अस्तित्वलाई भुङ्ग्रोमा पोल र धर्म मान्ने आँट गर
कि मेरो अपमान गर्ने शास्त्रका पानाहरूलाई
च्यात्ने र जलाउने साहस गर
म तिम्रो मन्दिरको देवता बनाउने कामी हुँ
यो गोल भूगोलको गहुँगोरो अफ्रिका हुँ !

(आहुति, २०७१, पृ. ३)

समाजका मानिसहरूलाई आवश्यक फलामका औजारहरूलगायतका सरसामानहरू युगौँयुगदेखि कामी समुदायका मानिसले बनाउँदै आएका छन् । समाजका हरेक परिवारका भान्सामा रहने ओदान वा कराही दलित भनिएको कामीले निर्माण गरेको कुरा कवितामा उल्लेख गरिएको छ । दलितलाई अछुत भन्नेहरूले पूजा गर्ने मूर्ति पनि दलितले नै बनाइदिएको प्रसङ्ग कोट्याउँदै माथिको साक्ष्यमा समाजका अपरिहार्य अङ्गका रूपमा दलितको प्रतिनिधित्व गरिएको छ । जसले मूर्ति बनायो, मन्दिरमा स्थापनापछि त्यो मूर्ति उसैलाई छुन नदिने अनि ओदानमा चढिसकेपछि कराही निर्मातालाई नै कराही छुन नदिने भाष्यनिर्माताहरूलाई चुनौती दिने शक्तिका रूपमा यहाँ कामी समुदायको प्रतिनिधित्व गरिएको छ । यदि आफूले बनाएका सरसामान छुन निषेध गर्ने हो भने कामी समुदायको अस्तित्वलाई भुङग्रामा पोल्न होइन भने आफ्नो अपमान गर्ने शास्त्रका पाना च्यातेर नष्ट गर्न कामीका तर्फबाट हाँक प्रस्तुत गरिएको छ ।

सरसफाइको काममा खटिएका मानिस पनि दलित समुदायकै रहेका छन् । अन्य दलित जस्तै यो समुदाय पनि आर्थिक, सांस्कृतिक आदि अधिकारबाट वञ्चित छ । गहुँगोरो अफ्रिका कवितामा कविले यो समुदायको समाजप्रतिको योगदान र यसले प्रभुत्वशाली वर्गबाट खप्नुपरेको भुक्तमानको मार्मिक चित्रण गरेका छन् । समाजमा सरसफाइ जस्तो अति महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने च्यामेको प्रतिनिधित्वका सन्दर्भमा कवि भन्छन् :

तिम्रो बस्तीको सफा भुइँलाई सुँघ
बस्तीको हर चोक्टामा मेरो रगतको गन्ध आउँछ
आँखा जुधाउने आँट गर सफा मान्छे !
कि मेरो रक्त नलीहरूमा पानी भर
कि आफ्नो दिमागको फोहोर सफा गर
म तिम्रो बस्तीको फोहोर सफा गर्ने च्यामे हुँ !
यो गोल भूगोलको गहुँगोरो अफ्रिका हुँ !

(आहुति, २०७१, पृ. ४)

मानिसद्वारा गरिएको फोहोर आफैँमा तुच्छ र त्याज्य वस्तु हो तापनि त्यस्तो फोहोर सफा गर्ने काम भने महान् र पूज्य हुनुपर्ने हो । यदि फोहोर कसैले पनि सफा नगरिदिने हो भने समाज दुर्गन्धित हुन्छ र अनेक रोग उब्जेर मानवजातिको अस्तित्वमा नै सङ्कट पैदा हुन सक्छ । यहाँ समाजलाई हरबखत, सफा, सुन्दर र स्वस्थ राख्ने काममा अहम् भूमिका निर्वाह गर्दागर्दै हरदम अपमान भोग्न विवश उपत्यकाको नेवार जातिभित्रको च्यामे समुदायको प्रतिनिधित्व गरिएको छ । बस्तीका सफा भुइँका हरेक चोक्टामा आफ्नो रगतपसिनाको गन्ध आउने जनाउँदै यदि च्यामेले रगतपसिना नबगाउने हो भने आफूलाई सफा ठानिरहेको मान्छेले टेक्ने सफा ठाउँ कतै पनि नपाउने कुरा माथिको साक्ष्यमा व्यक्त गरिएको छ । यसैगरी बस्तीलाई फोहोरी बनाउने जहिल्यै उच्च हुने अनि फोहोर टिपेर हरदम सफा तुल्याउने मान्छे निच हुने कुरा कदापि शोभनीय हुन सक्दैन भन्ने कुरा माथिको साक्ष्यमा च्यामेका तर्फबाट व्यक्त गरिएको छ । जो च्यामेलाई निच ठान्छ उसको दिमागी चेतना नै दूषित रहेकाले कथित उच्च जातिका मानिसले आफ्नो दिमाग सफा गर्नुपर्ने सुझाव पनि यहाँ दलित च्यामेका तर्फबाट प्रस्तुत गरिएको छ ।

सभ्यताको विकासका क्रममा मान्छेले गीतसङ्गीतको सिर्जना गर्‍यो । वाद्यवादनका विभिन्न उपकरणहरू पनि मान्छेले निर्माण गर्‍यो । पर्वउत्सवहरूमा मान्छेलाई गीत एवम् बाजागाजा नभई नहुने भए । यसरी गीतसङ्गीत मानवजीवनको अभिन्न अङग बन्न पुग्यो । यससँगै समुदायका एक थरी मानिसलाई गाउनेबजाउने कामको जिम्मा लगाइयो । नेपाली समाजका गाइने, कुस्ले, दमाई, बादी आदि जातिका मानिसहरूले विभिन्न पर्व र उत्सवहरूमा गीतसङ्गीतको आवश्यकतालाई धान्दै आएका छन् । दुनियाँलाई आनन्द दिन सफल यो समुदाय प्रभुत्वशाली वर्गको दलनका कारण दुःखी जीवन बाँच्न विवश भए । अन्य दलित झैँ यस समुदायका मानिसलाई पनि आर्थिकलगायतका अधिकारबाट वञ्चित गराइयो र अछुत भनी उत्पीडित तुल्याइयो । साङ्गीतिक क्षेत्रका दलितहरूको प्रतिनिधित्वका सन्दर्भमा कवि भन्छन
:

तिम्रो मनका मनोरञ्जित ग्रन्थीहरूलाई च्यात
त्यहाँ मेरो सङ्गीतको मधुर सरसराहट सुनिन्छ
आँखा जुधाउने आँट गर चेतनायुक्त मान्छे !
कि मलाई जनावरसँग बाँध र घाँस खुवाउने आँट गर
कि आफूलाई जनावरभन्दा फरक पार्ने साहस गर
म सारङ्गी रेट्ने, मादल ठोक्ने, गाइने हुँ-वादी हुँ!

(आहुति, २०७१, पृ. ४)

माथिको साक्ष्यमा समाजका उच्च जातका मान्छेहरू गाइने, बादी आदि दलितबाट सङ्गीत सुनेर रमाउने र आफूलाई आनन्द दिनेहरूप्रति भने उनीहरूले तिरस्कारको वज्र प्रहार गर्ने गरेको यथार्थलाई प्रस्तुत गरिएको छ । साथै दलकहरूलाई जनावर घोषित गर्दै त्यस्तो दुर्व्यवहारविरूद्ध खबरदार गरिएको छ ।सारङ्गी रेटेर र मादल ठोकेर दुनियाँलाई मनोरञ्जन प्रदान गरे पनि विनाकारण अपमान थोपरिएका दलितको माथिको साक्ष्यमा प्रतिनिधित्व गरिएको छ ।

प्रस्तुत कवितामा नेपालको तराई क्षेत्रका हली पेसामा संलग्न दलित कहलिएका मुसहर जातिको पनि प्रतिनिधित्व गरिएको छ । हलीको भूमिका अन्न उत्पादनमा अपरिहार्य छ । अन्न मानिसको निर्विकल्प खाद्यवस्तु हो । अन्न उब्जाएर समाजका सारा मानिसलाई बाँच्न सघाइरहेका मुसहरहरूको दलनको प्रसङ्ग उठाउँदै कवि भन्छन् :

माटोमा धस्सिएको मेरो जीवनलाई छाम
त्यहाँ मेरो आँसुको आहाल भेटिन्छ
आँखा जुधाउने आँट गर अघाएको मान्छे !
कि तिम्रो गाँसमा मेरो आँसुको गन्ध छैन भन्ने आँट गर
कि मेरो दलित जीवनको सम्मान गर्ने साहस गर
म तिम्रो गोरूसँगै माटोमा पौडिने मुसहर हली हुँ !

(आहुति, २०७१, पृ. ४)

माथिको साक्ष्यमा मुसहरले अत्यन्त अपमानपूर्ण दमित जीवन बाँच्नुपरेको अवस्थाको प्रतिनिधित्व गरिएको छ । मुसहरहरूले गोरूसँगै माटामा जोतिएर अमृतमय अन्न उत्पादन गर्न सघाएको र त्यही अन्न उपभोग गरेर प्रभुत्वशाली वर्ग बाँचेका तर मुसहरहरूको त्यागका बदलामा उनीहरूले आँसुको आहालमा

डुब्नुपरेको पीडाजनक अभिव्यक्ति माथिको साक्ष्यमा प्रकट गरिएको छ । अन्न उब्जाएर अरूको अस्तित्व बचाउने मुसहरहरूको अस्तित्व भने दलकहरूको दलनका कारण माटामा धस्सिँदै गएकाले मुसहरहरूको समाजप्रतिको योगदानलाई मनन गर्न पनि माथिको साक्ष्यमा आह्वान गरिएको छ ।

सभ्यताको विकासका क्रममा मानिसलाई शिरदेखि पाउसम्म ढाक्ने चिजवस्तुहरू आवश्यक भए । त्यस्ता वस्तुहरूको उत्पादनकार्यमा समाजका एक थरी मानिसहरूलाई सरिक गराइयो । कपडा सिउनेलाई दमाई भनियो अनि जुत्ता आदि छालाका वस्तु बनाउनेलाई सार्की भनियो । यिनलाई पनि मान्छेका न्यूनतम हकअधिकारबाट वञ्चित तुल्याएर दलनमा पारियो । नेपाली समाजका लगभग सबै भूगोलमा रहेका यिनै दमाई र सार्कीको प्रतिनिधित्वका सन्दर्भमा कवितामा भनिएको छ :

तिम्रो पैतालाको जुत्तादेखि शिरको टोपीसम्म
तिम्रो दृष्टिको दूर क्षितिजदेखि मुटुको स्पन्दनसम्म
म कहाँ छैन? म सर्वत्र छु !
मलाई तिमी कसरी 'अछुत' बनाउन सक्छौ 'छुत' मान्छे ?
(आहुति, २०७१, पृ. ४ र ५)

समाजका प्रभुत्वशाली वर्गले समाजव्यवस्थाको विकासका क्रममा श्रमविभाजन गरे । विस्तारै श्रममा आधारित मानिसका समूहलाई जातिमा रूपान्तर गरे र कठिन श्रमसिपमा खटिएको मानवसमुदायलाई अछुत घोषणा गरी दलनमा पारे । गहुँगोरो अफ्रिका कवितामा नेपाली समाजमा युगौँयुगदेखि जातीय उत्पीडनमा पारिएका भिन्न भिन्न भूगोल र समुदायका कामी, दमाई, च्यामे, मुसहर, गाइने, बादी एवम् सार्की जातिका दलितहरूको प्रतिनिधित्व गरिएको छ । कवितामा उपस्थित यी पात्रहरू जातीय अस्तित्व चेत राम्ररी जागृत भइसकेको अवस्थामा छन् । यसैले प्रस्तुत कविता दलित प्रतिनिधित्वका दृष्टिले सशक्त देखिएको छ ।

## गहुँगोरो अफ्रिका कवितामा दलित प्रतिरोध

आहुतिको गहुँगोरो अफ्रिका दलित चेतनाकेन्द्री कविता हो । यस कवितामा कविले दलित उत्पीडनलाई सूक्ष्म ढङ्गले केलाएका छन् । सँगसँगै दलितप्रतिरोधको आवाजलाई पनि तीव्र पारेका छन् । यसैले दलित प्रतिरोका दृष्टिबाट उक्त कविता निकै सशक्त बन्न पुगेको छ । त्यसैले यहाँ गहुँगोरो अफ्रिका कवितामा व्यक्त दलितप्रतिरोधको अध्ययन गर्ने प्रयास गरिएको छ ।

सामान्य अर्थमा प्रतिरोध भनेको कुनै किसिमको आक्रमण वा बल प्रयोगलाई रोक्ने काम हो । यो एक किसिमको आफूमाथि भएको थिचोमिचोविरूद्धको प्रतिक्रिया हो । सांस्कृतिक अध्ययनका परिप्रेक्ष्यमा प्रभुत्वशाली शक्तिबाट हुने दमनका विरूद्ध गरिने प्रयास नै प्रतिरोध हो । मिचेल फुकोले जहाँ शक्ति हुन्छ, त्यहाँ प्रतिरोध हुन्छ भनेका छन् (गौतम, २०७१, पृ. ११३) । समाजमा  केन्द्र र परिधिका बिच शक्तिसङ्घर्ष चलिरहन्छ । यही शक्तिङ्घर्षको एउटा अवस्था प्रतिरोध हो । यसलाई सामाजिक, आर्थिक, सांस्कृतिक आदि क्षेत्रमा प्रभुत्वशाली शक्तिबाट हुने दमन, उत्पीडन र विभेदविरूद्ध सीमान्त समुदायले प्रकट गर्ने विरोध मानिएको छ ।

हिन्दुधार्मिक परिपाटीमा वर्चस्वशाली शक्तिबाट सीमान्तीकृत तुल्याइएको एउटा समुदायविशेष नै दलित हो । जसलाई हिन्दुसांस्कृतिक दृष्टिले शूद्र भनिएको छ । उत्पादनका क्षेत्रमा महत्त्वपूर्ण भूमिका निर्वाह गरी समाजप्रति मूल्यवान् योगदान गर्दागर्दै अछुतको बिल्ला भिराई प्रताडित गरिएको दलितका अनेक उत्पीडनलाई कविले कविताको मूल कथ्य बनाएका छन् । कवितामा कविले प्राचीन कालका नभई बिसौँ शताब्दीका दलितलाई उपस्थित गराएका छन् । प्राचीन कालमा शक्तिहीनताका कारण जतिसुकै निर्मम उत्पीडन पनि बाध्यवश स्वीकार गरेका दलितहरू समयको परिवर्तनसँगै आफ्नो अस्तित्वचेत जागृत गर्न समर्थ देखिएका छन् । फलस्वरूप यावत उत्पीडनविरूद्ध प्रतिरोधका आवाज उराल्न थालेका छन् । कविले कविताको आरम्भमा दलितप्रतिरोधको चित्रण गर्दै भनेका छन् :

जब म त्यो श्रमको सुवासयुक्त पसिना सुँघ्न खोज्छु
तिमी मलाई अपमान गर्छौ र टाढा राख्छौ
आँखा जुधाउने आँट गर पूजारी
म बीसौँ शताब्दीको अछुत हुँ !
यो गोल भूगोलको एउटा गहुँगोरो अफ्रिका हुँ !
म न्याय चाहन्छु !
म मुक्ति चाहन्छु !

(आहुति, २०७१, पृ. ३)

माथिको साक्ष्यमा सदियौँदेखि उत्पीडित दलितहरूको प्रतिरोध बलशाली रूपमा प्रकट भएको छ । यहाँ समाजका प्रभुत्वशाली शक्तिलाई 'तिमी' र 'पूजारी' भनी सम्बोधन गरिएको छ र दलितलाई ' म', 'अछुत' र 'गहुँगोरो अफ्रिका' भनी चित्रण गरिएको छ । अहिलेको दलित प्राचीन कालको नभई बिसौँ शताब्दीको भएकाले अब त्यस्ता पहिलेका विभेद र उत्पीडन नसहने विचार प्रकट गरिएकोछ । साथै त्यस्ता थोत्रा विचारग्रस्त दलकहरू दलितहरूसँग आँखामा आँखा जुधाएर कुरा गर्न हाँक प्रस्तुत गर्दै दलितप्रतिरोधलाई सशक्त पारिएको छ । आफूहरू रङ्गभेदबाट पिल्सिएका अफ्रिकी झैँ वर्णभेदले पिल्सिन विवश भएकाले र आफूमाथि त्यस्तो घोर अन्याय भएकाले अब न्याय चाहने उद्घोष पनि गरिएको छ । यसका साथै प्रभुत्वशाली वर्गका शास्त्रीय नीतिबन्धनमा आफूहरू बाँधिएकाले त्यसबाट मुक्ति चाहेको प्रतिरोधी आवाज पनि कवितामा मुखरित गरिएको छ ।

कवितामा भिन्न भिन्न पेसाकर्ममा संलग्न दलितहरूलाई उपस्थित गराउँदै तिनीहरूका तर्फबाट आफूमाथि भएको दलनको प्रतिरोध गरिएको छ । यस सन्दर्भमा कामी समुदायका तर्फबाट गरिएको प्रतिरोधलाई कवितामा यसरी चित्रण गरिएको छ :

तिम्रो मन्दिरको मूर्तिमा मेरो आरनको गन्ध आउँछ
ओदानीमाथिको कराहीमा मेरो पसिनाको गन्ध आउँछ
आँखा जुधाउन आँट गर धर्माती मान्छे
कि मेरो अस्तित्वलाई भुङ्ग्रोमा पोल र धर्म मान्ने आँट गर
कि मेरो अपमान गर्ने शास्त्रका पानाहरूलाई
च्यात्ने र जलाउने साहस गर
म तिम्रो मन्दिरको देवता बनाउने कामी हुँ

यो गोल भूगोलको गहुँगोरो अफ्रिका हुँ !
(आहुति, २०७१, पृ. ३)

प्रभुत्वशाली वर्गले जुन देवताका आडमा धर्मशास्त्र खडा गरेर थिचोमिचो गर्छ। धर्माती भनिएको प्रभुत्वशाली वर्गलाई मन्दिरमा स्थापना गर्नका लागि मूर्ति दलित कामीले बनाइदिएको उल्लेख गर्दै देवता बनाइदिने दलितलाई अपमान गर्नेहरूप्रति कि त दलितको अस्तित्वलाई भुङ्ग्रामा पोल्न कि त दलितलाई अपमान गर्ने शास्त्रका पाना च्यात्न सुझाव पेस गर्दै सदियौँदेखि दलनबाट मर्माहत दलितका प्रतिरोधी आवाजलाई जोडदार रूपमा प्रस्तुत गरिएको छ ।

सरसफाइमा खटिने मान्छे पनि दलित कहलिएका छन् । काठमाडौँ उपत्यकाको नेवारी समुदायमा च्यामेहरूले गरेको त्याग र उनीहरूले शक्तिशाली वर्गबाट भोग्नुपरेको उत्पीडनलाई कवितामा समेटिएको छ । लामो समयदेखि बिनाकारण उत्पीडनमा पारिएका च्यामेहरूमा अब उत्पीडनकारी शक्तिविरूद्ध प्रतिरोधी चेत जागृत हुन थालेको प्रसङ्गलाई कवितामा यसरी प्रस्तुत गरिएको छ ।

तिम्रो बस्तीको सफा भुईँलाई सुँघ
बस्तीको हर चोक्टामा मेरो रगतको गन्ध आउँछ
आँखा जुधाउने आँट गर सफा मान्छे !
कि मेरो रक्त नलीहरूमा पानी भर
कि आफ्नो दिमागको फोहोर सफा गर
म तिम्रो बस्तीको फोहोर सफा गर्ने च्यामे हुँ !
(आहुति, २०७१, पृ. ४)

समाजका हरेक बस्तीलाई हरदम सफा राख्ने च्यामे समुदायले पुऱ्याएको योगदान अमूल्य छ । यसरी हरदिन बस्तीलाई जसले सफा तुल्याउँछ, उसैलाई फोहोर झैँ ठानी तिरस्कार गर्ने प्रभुत्वशाली वर्गका मान्छेको दिमाग नै फोहोरी भएकाले दलित च्यामेका तर्फबाट सफा गर्न राय प्रस्तुत गरिएको छ । अबका दलितहरू हिजोका जस्तो प्रतिक्रियाशून्य र मौन छैनन् । उनीहरूको अस्तित्वचेत विकसित भइसकेको छ र उनीहरू आफूमाथि हुने र भइरहेका अन्यायको प्रतिरोध गर्न समर्थ भइसकेका छन् भन्ने वास्तविकतालाई माथिको साक्ष्यका माध्यमबाट प्रस्तुत गरिएको छ ।

गाइने तथा बादीहरूले गीत गाएर एवम् बाजा बजाएर मानिसहरूलाई मनोरञ्जन प्रदान गर्ने गरेका छन् । विडम्बनाको कुरा यस जातिका मानिसहरू पनि अस्पृश्य कहलिएका छन् र तिरस्कृत छन् । लामो समयदेखि आफूले दिएको आनन्दका बदला अरूबाट दुःख प्राप्त गर्न विवश गाइने तथा बादी समुदायको प्रतिरोधलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

कि मलाई जनावरसँग बाँध र घाँस खुवाउने आँट गर
कि आफूलाई जनावरभन्दा फरक पार्ने साहस गर
म सारङ्गी रेट्ने, मादल ठोक्ने, गाइने हुँ-वादी हुँ !
यो गोल भूगोलको गहुँगोरो अफ्रिका हुँ !
(आहुति, २०७१, पृ. ४)

माथिको साक्ष्यमा गाइने तथा बादी समुदायका दलितप्रति प्रभुत्वशाली वर्गबाट पशु झैँ व्यवहार गरिएको कटु यथार्थलाई प्रकट गरिएको छ । मानिसले मानिसप्रतिगर्ने यस्तो निकृष्ट व्यवहारको स्तर जनावरभन्दा माथिको छैन । हरबखत दलितप्रति अपमानपूर्ण व्यवहार गर्ने र आफूलाई आफूलाई जहिल्यै उच्च ठान्ने वर्गको प्रतिरोध गर्दै उच्च वर्गले आफूहरूलाई जनावरभन्दा फरक रहेको प्रमाणित गर्न दलितका तर्फबाट चुनौती दिइएको छ ।

नेपालको तराई क्षेत्रका बासिन्दा मुसहर पनि दलित कहलिएका छन् । हली पेसामा संलग्न भई अन्न उत्पादन गर्ने जस्तो पवित्र कार्यमा सरिक यस्ता व्यक्तिहरू पूज्य हुनुको साटो तुच्छ कहलिनु चेतनशील मानवसमाजका लागि अशोभनीय छ। समाजका यस्ता पात्र मुसहरले विगतमा भएका जतिसुकै दलन सहे पनि अब नसहने सङ्केत कवितामा व्यक्त गरिएको छ। मुसहर समुदायका तर्फबाट आफूमाथि भइरहेको दलनको प्रतिरोध कवितामा यसरी गरिएको छ :

माटोमा धस्सिएको मेरो जीवनलाई छाम
त्यहाँ मेरो आँसुको आहाल भेटिन्छ
आँखा जुधाउने आँट गर अघाएको मान्छे !
कि तिम्रो गाँसमा मेरो आँसुको गन्ध छैन भन्ने आँट गर
कि मेरो दलित जीवनको सम्मान गर्ने साहस गर
म तिम्रो गोरूसँगै माटोमा पौडिने मुसहर हली हुँ !

(आहुति, २०७१, पृ. ४)

माथिको साक्ष्यमा प्रभुत्वशाली वर्गको दलनका कारण मुसहरहरूको जीवन धस्सिएको र मुसहर हरूले आँसुको आहालमा डुबेर जिन्दगी बिताइरहनुपरेको बताइएको छ । दलकहरूलाई 'अघाएको मान्छे' भनी सम्बोधन गर्दै उनले अघाउन उपभोग गर्ने हरेक अन्नका गाँसमा दलित मुसहरको आँसुको गन्ध रहेकाले दलितको सम्मान गर्न आह्वान गरिएको छ। गोरूसँगै माटामा पौडेर अन्न उब्जाई साथ दिँदा पनि उत्पीडनमा पारिएको हुँदा यहाँ त्यस्तो दलनविरूद्ध दलित मुसहरका तर्फबाट प्रतिरोधको सचेत आवाज प्रकट गरिएको छ ।साथै दलकहरूबाट भएका दलनको हिसाब खोज्दै दलितसँग आँखामा आँखा जुधाएर कुरा गर्न हाँकसमेत दिइएको छ ।

दमाई र सार्की समुदायले कपडा र जुत्ता सिएर समाजका मानिसहरूको सेवा गरे । अन्य दलित झै यी दुई समुदायका मानिस पनि प्रभुत्वशाली वर्गबाट शोषित उत्पीडित र अपहेलित भए । विगतमा जुनसुकै किसिमको ताडना जडवत सहेर बसे पनि अब समयले कोल्टे फेरिसकेकाले त्यस्ता दलन नसहने उद्घोष कवितामा गरिएको छ। दमाई र सार्कीका तर्फबाट दलनविरूद्ध गरिएको प्रतिरोधलाई कवितामा यसरी प्रस्तुत गरिएको छ :

तिम्रो पैतालाको जुत्तादेखि शिरको टोपीसम्म
तिम्रो दृष्टिको दूर क्षितिजदेखि मुटुको स्पन्दनसम्म
म कहाँ छैन? म सर्वत्र छु !
मलाई तिमी कसरी 'अछुत' बनाउन सक्छौ 'छुत' मान्छे ?
कि इतिहासको कठघरामा उभिने आँट गर

कि आफूलाई बदल्ने साहस गर
आँखा जुधाउने आँट गर पूजारी !
म बीसौं शताब्दीको अछुत हुँ !
यो गोल भूगोलको गहुँगोरो अफ्रिका हुँ
म अपमानित इतिहासको हिसाब चाहन्छु
म कुनै पनि मूल्यमा मुक्ति चाहन्छु !

(आहुति, २०७१, पृ. ४ र ५)

दलितहरूको आवश्यकता र उपस्थिति सर्वत्र रहेको र दलितहरूकै श्रम र सिपका कारण प्रमुत्वशाली वर्गले शिरदेखि पाउसम्म ढाक्न पाएको माथिको साक्ष्यमा प्रस्तुत गरिएको छ । यसैगरी अनेक उत्पीडनका बाबजुद आफूले समाजसामु अमूल्य योगदान पुऱ्याउँदापुऱ्याउँदै दलित तुल्याउने दुस्साहस गरेकामा यहाँ दमाई र सार्की समुदायका तर्फबाट 'तिमी मलाई कसरी अछुत बनाउन सक्छौ भनी प्रश्नात्मक वाक्यढाँचाका माध्यमले प्रतिरोध गरिएको छ। सँगसँगै दलनको इतिहास लामो भएकाले र त्यसका कारण दलितहरू घोर अन्यायमा परेकाले यो अन्यायको छिनोफानोका लागि इतिहासको कठघरामा उभिन होइन भने दलितहरूप्रति गर्ने व्यवहारका सन्दर्भमा आफूलाई बदल्न भनिएकाछ। यस साक्ष्यमा दलितहरूको प्रतिरोध चेत प्रखरताका साथ प्रकट भएको छ। आजका दलितहरू प्राचीन कालीन नभई बिसौं शताब्दीका भएकाले अब यतिन्जेलका सारा अपमानको हिसाब खोज्ने र दलनको बन्धनबाट कुनै पनि मूल्यमा मुक्ति चाहने प्रतिरोधको बलशाली उद्घोष पनि माथिको साक्ष्यमा प्रकट गरिएको छ।

गहुँगोरो अफ्रिका दलनविरूद्धको प्रतिरोधी आवाजलाई उच्चतासाथ प्रस्तुत गरिएको कविता हो । कवितामा उपस्थित हरेक दलित पात्रहरू उत्पीडनलाई राम्ररी बोध गरेका, जातीय अस्तित्व चेतले जागृत एवम् वाचाल छन् । सीमान्तीकृत भए पनि कविताका हरेक दलित पात्र आफ्नो अस्तित्व रक्षाका लागि प्रभुत्वशाली शक्तिसँग जुध्न समर्थ देखिन्छन् ।

## निष्कर्ष

नेपाली समाजको संरचना बहुजातीय छ । समाजको समुन्नतिमा सबै जातिको आवश्यकता र योगदान उत्तिकै रहेको हुन्छ । तथापि शक्तिसङ्घर्षका क्रममा सदियौँदेखि दलित समुदायले दलित इतर शक्तिबाट निरन्तर शोषण, उत्पीडन र तिरस्कार सहनुपरेको छ। कवितामा नेपाली समाजका अभिन्न अङ्ग कामी दमाई, च्यामे, बादी, गाइने, मुसहर र सार्की जातिका दलितलाई पात्रका रूपमा उपस्थित गराई नेपालका लगभग सबै भूगोल र जातिका दलितको प्रतिनिधत्व गरिएको छ । विगतको पिँढीका दलितले आफूमाथि भएका दलनलाई बोध गर्न नसकेको र सके पनि त्यसको प्रकट गर्न नसकेका कारण समाजमा दलित उत्पीडन टसमस नगरी रहिरह्यो । अबका दलितमा जातीय अस्तित्व चेत जागृत भइसकेकाले दलनलाई परास्त गर्ने साहस पनि उनीहरूमा उत्पन्न भएको भाव कवितामा प्रकट गरिएको छ। यसैगरी प्रभुत्वशाली वर्गसँग सारा दलनको हिसाब खोज्दै त्यसबाट मुक्ति चाहेको प्रतिरोधी आवाजलाई कवितामा प्रखरताका साथ प्रस्तुत गरिएको छ । त्यसैले दलित प्रतिनिधित्व र प्रतिरोधका दृष्टिले गहुँगोरो अफ्रिका कविता सशक्त बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची


आहुति (२०७१).गहुँगोरो अफ्रिका. काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा. लि. ।

गौतम, कृष्ण (२०७१).उत्तरसिद्धान्त. काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

चमनलाल (सन् २००९).दलित साहित्य एक मूल्यांकन. दिल्ली : राजपाल एण्ड सन्स ।

चापागाईं, निनु (२०६८).दलित सौन्दर्यशास्त्र र साहित्य. ललितपुर : साझा प्रकाशन ।

पाण्डेय, ताराकान्त (२०७०). समसामयिक प्रगतिशील कवितामा दलित-चेतना.दलित सौन्दर्यबोध. (सम्पा.) राजेन्द्र महर्जन. ललितपुर : समता फाउण्डेशन, पृ. १२७-१६२ ।

भट्टराई, रमेशप्रसाद (२०६८). सांस्कृतिक अध्ययनको परिचय र विकास. समकालीन साहित्य. अङ्क १, पूर्णाङ्क ६७ (माघ, फागद्रन, चैत) पृ. ६१-७१ ।

महर्जन, राजेन्द्र र यामबहादुर किसान (२०७०).दलनविरूद्ध प्रतिरोध. ललितपुर : समता फाउण्डेशन ।

लिंबाले, शरणकुमार (सन् २०१०).दलित साहित्यका सौंन्दर्य शास्त्र. दिल्ली : वाणी प्रकाशन ।

वाल्मीकि, ओमप्रकाश (२००९).दलित साहित्यका सौन्दर्यशास्त्र. दिल्ली : राधाकृष्ण प्रकाशन प्राइवेट लिमिटेड ।

शुक्लयजुर्वेद. मुंबई : क्षेमराज-श्रीकृष्णदास श्रीवेङ्कटेश्वर मुद्रणालय ।